नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

## प्रेस विज्ञप्ति

आज मिति २०८१ माघ २८ गते (तदनुसार १० फेब्रुअरी २०२५) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीज्यूसँग नेपालका लागि जापानका नवनियुक्त राजदूत महामहिम Mr. Maeda Toru ले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नुभयो। सो भेटघाटमा माननीय मन्त्रीज्यूले नेपालको लागि राजदूत नियुक्ति हुनुभएकोमा महामहिमलाई हार्दिक बधाई दिँदै वहाँको कार्यकालमा नेपाल र जापानबीचको सम्बन्धले थप उचाई लिने विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा माननीय मन्त्रीज्यूले सन् १९५६ मा कूटनीतिक सम्बन्ध स्थापित भएदेखि नै नेपाल र जापानबीच घनिष्ठ र मैत्रीपूर्ण सम्बन्ध रहँदै आएको र नेपालको आर्थिक सामाजिक विकासमा जापानले अनुदान, ऋण तथा प्राविधिक सहायतालाई निरन्तरता दिएको कुरा उल्लेख गर्नुभयो। जापानको विकास छात्रवृत्ति (JDS) मार्फत नेपाली सरकारी कर्मचारीहरुको क्षमता विकास, नेपाली कामदारका लागि तालिम सहित जापानमा रोजगारीको अवसर एवम् भूकम्प लगायतका प्राकृतिक विपद्मा जापानबाट प्राप्त सहयोगका लागि माननीय मन्त्रीज्यूले जापान सरकारलाई धन्यवाद दिनुभयो।

जापानले प्रदान गरेको सामान्य ग्राह्यता प्रणाली (Generalized System of Preferences) बाट नेपाली उत्पादनलाई जापानको बजारमा सहुलियतपूर्ण पहुँच प्राप्त गर्न मद्दत पुगेको विषयलाई औंल्याउदै नेपालका सूचना प्रविधि, जलविद्युत, पर्यटन, कृषिमा आधारित उद्योग जस्ता क्षेत्रमा रहेको लगानीको प्रचुर सम्भावना एवम् सरकारले लगानीमैत्री तथा व्यावसायिक वातावरण प्रवर्द्धनका लागि निरन्तरता दिएको नीतिगत तथा कानूनी सुधारको विषयलाई जापानी लगानीकर्तासम्म पुऱ्याउन महामहिम राजदूतलाई अनुरोध गर्नुभयो।

भेटको अवसरमा नेपालका लागि जापानी राजदूतले माननीय मन्त्रीज्यूसँग भेटघाटको समयका लागि धन्यवाद दिदैं नेपालको आर्थिक सामाजिक विकासमा सहयोग पुऱ्याउन राजदूतको रुपमा पूर्ण क्षमताका साथ जिम्मेवारी निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। आगामी वर्ष नेपाल र जापानबीचको कूटनीतिक सम्बन्धको ७० वर्ष पुगन लागेको सन्दर्भमा यस अवधिमा जापान सरकारबाट प्राप्त सहयोग र दुई मुलकबीचको सहकार्यलाई स्मरण गर्नुभयो। साथै, सहायता उपयोग गर्ने मुलुकको राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा सहयोग गर्ने जानकारी गराउँदै नेपालका उद्योग क्षेत्रको विस्तार, नेपाली निर्यात प्रवर्द्धन, व्यापार तथा लजिष्टिक्स पूर्वाधार विकासमा सहयोग गर्न जापान सरकार तयार रहेको औंल्याउनुभयो।

नेपालको हितका सम्बन्धमा महामहिमले व्यक्त गर्नुभएको चासोका लागि माननीय मन्त्रीज्यूले आभार व्यक्त गर्दै दुई मुलुकबीच सहयोग र सहकार्य विस्तारमा थप छलफल गरी अघि बढ्नुपर्नेमा जोड दिनुभयो। नेपालमा जापानी लगानीको विस्तारमार्फत पूँजी र प्रविधि भित्र्याउन, जलविद्युत, सूचना प्रविधि, निर्यातकेन्द्रित कृषिजन्य

नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

उद्योग, साना तथा मझौला उद्योग र अन्य उत्पादनमूलक उद्योग क्षेत्रमा जापानको सहयोगको अपेक्षा रहेको जानकारी गराउनुभयो। सो सम्वन्धमा महामहिम राजदूतले नेपालको निर्यात प्रवर्द्धनका लागि निश्चित परिमाण र गुणस्तरको सुनिश्चितता, नेपाली ब्राण्डको प्रचारप्रसारको आवश्यकता औंल्याउनुभयो।

छलफलको क्रममा माननीय मन्त्रीज्यूले निर्यात सम्भावना भएका क्षेत्रको प्रवर्द्धनका लागि सरकारले नेपाल व्यापार एकीकृत रणनीति लगायत अन्य नीतिगत, संस्थागत, प्रक्रियागत पहलकद्मी लिईरहेको विषयमा जोड दिदै नेपालमा लगानी गर्ने जापानी लगानीकर्ताको लागि नेपालको आन्तरिक एवम् नजिकैको ठूलो आकारको क्षेत्रीय बजार उपयोगको अवसर रहेको समेत जानकारी गराउनुभयो। नेपाल र जापानवीच वैदेशिक लगानी, निर्यात प्रवर्द्धन, पर्यटन, पूर्वाधार विकास लगायतका क्षेत्रमा आपसी सहयोग र सहकार्य प्रवर्द्धन गर्दै जाने विषयमा माननीय मन्त्रीज्यू र महामहिम राजदूतले जोड दिनुभयो।

मितिः २०८१ माघ २८ गते सोमबार।

सहसचिव/प्रवक्ता

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
Website: http://www.moics.gov.np